आ.ब. २०८२/०८३ को बैठक

आज मिति २०८२।०९।०९ गते बुधबारको दिन बिहान ८:०० बजे यस परवानीपुर गाउँपालिकाका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मीज्यूको अध्यक्षतामा यस परवानीपुर गाउँकार्यापालिकाको तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिती</u>

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मी | अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | सदस्य | |
| ४ | श्री महमदनुरुल होदा अंसारी | सदस्य | |
| ५ | श्री इब्राहिम मियाँ धोबी | सदस्य | |
| ६ | श्री गम्भिरा राउत कुर्मि | सदस्य | |
| ७ | श्री रामेश्वर साह कलवार | सदस्य | |
| ८ | श्री इन्द्रकलिया देवी चमैन | सदस्य | |
| ९ | श्री चिन्ता देवी पासवान | सदस्य | |
| १० | श्री लक्ष्मीना देवी नुनिया | सदस्य | |
| ११ | श्री कोहरी देवी भरिन | सदस्य | |
| १२ | श्री जगदिश राम | सदस्य | |
| १३ | श्री महन्थ राम हरजन | सदस्य | |
| १४ | श्री मुन्ना साह रौनियार | सदस्य - सचिव | |
| १५ | श्री आयुष कुमार साह | लेखा शाखा प्रमुख | |
| १६ | श्री रवी जैश्वाल | IT Officer | |
| १७ | श्री लहवर साह कानु | कार्यालय सहयोगी | |
| १८ | श्री बच्चा प्रसाद यादव | कार्यालय सहयोगी | |
| | | | |
| | | | |
| | | | |

## प्रस्ताव तथा निर्णयहरु

तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गरि निर्णय गरियो ।

| क्र.स. | बिषय | तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गर्दा, |
|---|---|---|
| १ | समिक्षा | औं को कार्यपालिका बैठकका निर्णय प्रगतीको समिक्षा सम्बन्धमा ।<br>औं कार्यपालिकको बैठक भएको निर्णयहरु कार्यवन्यन भएको तथा केहि निर्णयहरु कार्यवन्यन अवस्थामा रहेकाले सम्बन्धित सबैलाई धन्यबाद दिने । |
| २ | सिफारिष तथा अनुमोदन | अध्ययन/तालिम छात्रवृती मनोनयनका लागी सिफारिस सम्बन्धमा ।<br>➢ **Chevening scholarship Program in UK** को चिकित्सा शिक्षा स्नातकोतर तह शैक्षिक सत्र **AD 2026/2027** को शैक्षिक कार्यक्रमहरुमा विधार्थी भर्नाका लागि मिती **5 Aug 2025** (२०८२/०४/२०) गते प्रथम पटक प्रकाशित अनुसार यस कार्यालय अन्तर्गत लिपनीमाल स्वास्थ्य चौकीमा जनस्वास्थ्य निरीक्षक पद अधिकृत स्तर छैठौ तहमा कार्यरत श्री प्रदीप कुमार राउत (क.स.न. १९०७५६) ले **UK** मा **MPH (Master of Public Health)/M.Sc PH (Master of Science in Public Health)/MPHN/MHPE/MPH (Public Health Service Management stream)** विषयमा अध्ययनको लागी तीन वटा विश्वविधालयहरुमा शैक्षिक कार्यक्रम छनौट गर्नु पर्ने प्रावधान अनुसार **London school of Hygiene and Tropical Medicine, Imperial college of London** र **University of Liverpool** मा आवेदन दिनु भएकोले उक्त कार्यक्रममा छनौट भएको खण्डमा विश्वविधालयको शैक्षिक कार्यक्रममा आवेदन दिन र छनौट प्रक्रियामा सहभागी हुन पुर्व स्वीकृति माग गर्नु भएकोले भर्ना प्रक्रियामा सफल भएमा नियमानुसार कक्षा संचालन हुने मिती देखि लागु हुने गरि विदा स्वीकृत गराएर मात्र अध्ययनमा जाने गरि हाललाई छनौट प्रक्रियामा सहभागी हुन निजलाई अध्ययन पुर्व स्वीकृति प्रदान गर्न । |
| ३ | गाउँ सभा | हिउँदो गाउँ सभा सम्बन्धमा ।<br>➢ आ.ब. २०८२/०८३ को हिउँदो गाउँ सभाको बैठक यहि मिति २०८२/०९/00 गते बोलाउने तथा विषयगत समितिको प्रतिवेदन मिति २०८२/०९/00 गते सम्म कार्यापालिकामा पेश गर्ने । |
| ४ | योजना तथा कार्यक्रम | योजना तथा कार्यक्रम सम्बन्धमा ।<br>➢ यस वर्ष सघिय समपुरक अनुदानमा गुदरि बजारको टेन्डरको कार्य सम्पन्न भएकोले गुदरी बजार निर्माण गर्नको लागी बजारक्षेत्रमा व्यवसायलाइ अन्य ठाउँमा सार्ने गरि वजार खाली गराउने ।<br>➢ आ.ब. २०८३/०८४ को लागी यस पालिकामा सघियं समपुरक र विशेष अनुदानको लागी योजना संकलन गरि अर्को बैठकमा पेश गर्ने । |

| | | |
|---|---|---|
| | | भएको सम्झौता अनुसारका कार्य अगाडी बढाउने ।<br>➢ वास पलानको लागी गा.पा. उपाध्यक्षज्यूको अध्यक्षतामा टाक्स फोर्स निर्माण गरि सामाजीक गणक तथा प्राविधिक गणक छनौट गर्ने । |
| ५ | | आर्थिक सहयोग सम्बन्धमा ।<br>➢ बारा बहिरा संघलाई आर्थिक सहयोग सवरुप रु २५ हजार दिने ।<br>➢ अन्य आर्थिक सहयोग अधिकतम २० हजारसम्मको सहयोग गा.पा. अध्यक्षको तोकादेशबाट भुक्तानी गर्ने । |
| ६ | | छात्रवृती सम्बन्धमा ।<br>➢ **N.I.** कलेज र पालिका बाट भएको सम्झौता अनुसार गत आ.ब. को छात्रवृति कलेजको खातामा छुटयाएको योजना शिर्षक तथा अपुग रकम विविध र अन्य शिर्षकबाट दिने। तथा यस गा.पा.बाट **M.BBS** पढने विधार्थीलाइ गा.पा. अध्यक्षको अध्यक्षतामा गठीत छात्रबृति समितिबाट हुने निर्णय अनुसार भुक्तानी दिने । |